वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक ३०८ | २०८२ चैत्र १८ गते बुधबार, नेपाल सम्वत् ११४६ April 01, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-









**बढ्दो सडक दुर्घटना**

पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ पालिङमा मंगलबार दिउँसो दुर्घटना भएको माइक्रोबस । बागमती प्रदेश ०१००६ ख ७२०८ नम्बरको माइक्रो पानी परेका बेला चिप्लिएर दुर्घटना हुन पुगेको थियो । चार लेनको सडक विस्तारसंगै सवारी चालकको लापरवाहीका कारण पनि यस खण्डमा दैनिक जसो सडक दुर्घटना हुने गरेको छ ।

*तस्विर : भञ्ज्याङ*

# संविधान संशोधन 'बहसपत्र' कार्यदल : गम्भीर विषयमा 'हलुका' निर्णयको आलोचना

**फणीन्द्र नेपाल**/काठमाडौं

बालेन्द्र (बालेन) शाह नेतृत्वको सरकारले संविधान संशोधनका लागि औपचारिक रूपमा गृहकार्य थालेको छ । यद्यपि संविधान संशोधनजस्तो गम्भीर र संवेदनशील विषयमा 'हलुका' ढंगले व्यक्ति छनोट भएको भन्दै सरोकारवालाहरूले चिन्ता प्रकट गरेका छन् । यति गम्भीर विषयको प्रक्रिया अघि बढाउँदा कानुनका जानकार तथा संसदमै प्रतिनिधित्व गर्ने व्यक्तिको नेतृत्वमा नगरिएको उनीहरूको भनाइ छ । कतै संविधान संशोधनको समग्र विषय नै ओझेलमा पार्न खोजिएको त होइन भन्ने उनीहरूको आशंका छ।

चैत १६ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार असिम शाहको नेतृत्वमा 'संविधान संशोधन बहसपत्र' तयार गर्न कार्यदल बनाउने निर्णय गरेको थियो । उक्त कार्यदलमा संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधि सहभागी गराइने र प्रक्रिया अघि बढाउने निर्णय सरकारले गरेको थियो ।

शाह २०७९ को प्रतिनिधि सभा निर्वाचनमा रास्वपाबाट समानुपातिकतर्फ निर्वाचित भएका थिए। उनले चलचित्र र डकुमेन्ट्रीहरु बनाउने काम समेत गर्दै आएका छन्। त्यतिमात्रै होइन, शाहले झन्डै ६ वर्षअघि 'राजा आउ देश बचाउ' भन्दै राजालाई सुध्रिने मौका दिनुपर्छ भनेका थिए। त्यसबेला उनले सामाजिक सञ्जालमा लेखेको स्टाटस अहिले भाइरल भइरहेको छ ।

शाह नेतृत्वको कार्यदलले आवश्यक गृहकार्य गरेर संविधान संशोधनका लागि राष्ट्रिय सहमतिका आधारमा 'बहसपत्र' तयार पार्ने सरकारका प्रवक्ता समेत रहेका शिक्षामन्त्री सस्मित पोखरेलले जनाएका छन्। 'प्रधानमन्त्रीका राजनीतिक सल्लाहकारको अध्यक्षतामा रहने कार्यदलमा संसदमा प्रतिनिधित्व गर्ने सबै दलको प्रतिनिधि रहन्छ', मन्त्री पोखरेलले भने, 'राष्ट्रिय सहमतिमा संविधान संशोधनका लागि बहस पत्र तयार हुन्छ ।'

प्रधानमन्त्री बालेन शाहले संविधान संशोधनसम्बन्धी कार्यदलमा संवैधानिक कानुनको पृष्ठभूमि रहेका व्यक्तिहरूलाई राख्न छाडेर सचिवालयका विश्वासपात्रलाई जिम्मा दिनुले आफैँभित्र अधिकार सीमित गर्न खोजेको तथा संविधानलाई नै मजाकको विषय बनाउन खोजेको टिप्पणी राजनीति र कानुनका जानकारहरूको छ ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता खिमलाल देवकोटाले शाह नेतृत्वको कार्यदल सरकारको गृहकार्यका लागि हो या संविधान नै संशोधन गर्न हो भन्ने प्रस्ट नभएको बताए ।




'सरकारको आफ्नो गृहकार्यका लागि बनाउनु एउटा पक्ष हो । तर साँच्चै संविधान संशोधन गर्न सबै दलको प्रतिनिधित्वको अपेक्षा गरेको हो भने त्यहीस्तरको कार्यदलको खाँचो पर्छ', देवकोटाले भने ।

नेपाली कांग्रेसका सहमहामन्त्री योगेन्द्र चौधरीले सरकारका तर्फबाट कार्यदलबारे आधिकारिक जानकारी आइनसकेको भन्दै आएपछि उपयुक्त निर्णय गर्ने बताए । 'कार्यदलबारे आधिकारिक जानकारी आएको छैन, आयो भने पार्टी सभापतिसहित बसेर पार्टीले उपयुक्त निर्णय गर्छ', चौधरीले भने ।

संविधानविद् भीमार्जुन आचार्य संविधान संशोधनबारे सरकारको निर्णयले संविधानको मूल्य र मान्यताकै मजाकको विषय बनाएको टिप्पणी गर्छन् । 'यस निर्णयले वर्तमान सरकार, संवैधानिक व्यवस्था, संवैधानिक नैतिकता र संवैधानिक मूल्य-मान्यताप्रति संवेदनशील र गम्भीर छैन भन्ने देखाउँछ', आचार्यले रातोपाटीसँग भने, 'संविधान सुधारको वा संविधानसँग जोडिएको यति जटिल र गम्भीर विषयलाई विषयान्तर गर्न खोजेको हो कि भन्ने देखिन्छ ।'

आचार्यले समष्टिमा सरकारको यो शैलीले संविधानमा मात्र होइन, भविष्यका लागि पनि गम्भीर खतरा हुने चिन्ता बढाएको बताए ।

कानुन व्यवसायीहरूको छाता संस्था नेपाल बार एसोसिएसनका पूर्वमहासचिव अन्जिता खनाल संविधान संशोधन कुनै हलुका र दम्भको विषय नभएकाले गम्भीर हुनुपर्ने बताउँछिन् ।

'जनताको भावना र देशको आवश्यकता अनुसार संविधान संशोधन गर्ने हो', खनालले भनिन्,


बाँकी अन्तिम पेजमा


# भानुमा विद्यालय अनुगमन तथा सरोकारवालासंग अन्तरक्रिया

**भञ्ज्याङ समाचारदाता**/भानु

तनहुँको भानु नगरपालिकाका दुई सामुदायिक माध्यमिक विद्यालयमा वार्षिक परीक्षाको अनुगमन तथा शैक्षिक पूर्वाधार सुदृढीकरणसम्बन्धी छलफल कार्यक्रम सम्पन्न भएको छ।

मंगलबार भानु नगरपालिका-९ पुर्कोट बाइसजङ्गारस्थित श्री कर्मदा माध्यमिक विद्यालय र भानु-२ नारेश्वरटारस्थित होरालो शाशिस तथा नेपाल शिक्षक महासंघ भानुका अध्यक्ष उपेन्द्रबहादुर विष्टको सहभागिता रहेको थियो।

कार्यक्रमअन्तर्गत विद्यालय व्यवस्थापन समिति (विव्यस)का पदाधिकारी, शिक्षक-कर्मचारी तथा अनुगमन टोलीबीच संयुक्त बैठक बसेको थियो। बैठकमा विद्यालयको वर्तमान अवस्था, यसअघि उपलब्ध गराइएका उपकरणहरूको प्रयोग र सदुपयोगको स्थिति, थप आवश्यक सामग्री तथा उपकरणहरूको



माध्यमिक विद्यालयको स्थलगत अनुगमन गर्दै सरोकारवालासँग अन्तरक्रिया गरिएको हो।

अनुगमनको मुख्य उद्देश्य वार्षिक परीक्षाको अवस्था अवलोकन गर्नुका साथै 'भर्चुअल लर्निङ, ई-पुस्तकालय तथा विज्ञान प्रयोगशालाका सामग्री तथा उपकरण व्यवस्थापन' सम्बन्धमा स्थानीय आवश्यकता पहिचान गर्नु रहेको नगर शिक्षा अधिकारी ध्रुवराज पौडेलले जानकारी गराए।

अनुगमन टोलीमा नगर शिक्षा समितिका उपाध्यक्ष एवं उपप्रमुख उमा गोतामे, नगर शिक्षा अधिकारी ध्रुवराज पौडेल, सामाजिक विकास समितिका संयोजक हरिहर उप्रेती आवश्यकता र औचित्यका विषयमा विस्तृत छलफल गरिएको थियो।

सरोकारवालाहरूले प्रविधिमैत्री शिक्षण प्रणाली विस्तार, प्रयोगात्मक सिकाइलाई सुदृढ बनाउने सामग्रीको व्यवस्थापन तथा उपलब्ध स्रोतसाधनको प्रभावकारी उपयोगमा जोड दिएका थिए। साथै, विद्यालयस्तरमै आवश्यकता पहिचान गरी योजना निर्माण गर्नुपर्नेमा सहभागीहरूले सुझाव दिएका छन्। नगरपालिकाले प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा आगामी दिनमा शैक्षिक गुणस्तर अभिवृद्धि तथा प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण विकासका लागि आवश्यक पहल गर्ने जनाएको छ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# भूमिको उपयोग गरी आयत घटाऔं

तनहुँको ग्रामीण क्षेत्रमा खेतीयोग्य जमिन बाँझदै गएका छन् भने बेसी, उपत्यका तथा फाँटहरू पनि बाँझिनुका साथै प्लटिङ्का नाममा नासिना थालेका छन् । विशेषता कृषि पेशा अंगाल्ने युवापुस्ता नहुँदा खेतीयोग्य जमिन बाँझिएका छन् । रोजगार खोज्दै विदेशिनेको संख्या बढ्दै गएपछि ग्रामीण भेगमा रहेको खेतीयोग्य जमिन बाँझै हुन थालेका छन् । भएका युवा पनि विदेशिएपछि गाउँमा काम गर्ने जनशक्तिको अभाव हुँदै गएको छ । गाउँमा विशेषत वृद्धवृद्धाको मात्र बसोवास देखिन्छ । बाह्रैमहिना खेती गरेर जीविकोपार्जन गर्ने ग्रामीण क्षेत्रका स्थानीयवासीले अहिले भएका जमिन बाँझै छाडेका छन्। सामान्य साग, गोलभेडा, खुर्सानी तथा धनियाँका पात समेत बजार क्षेत्रबाट खरिद गरी गाउँगाउँमा पुग्ने गरेको छ । युवा विदेशिएसँगै गाउँमा वृद्धवृद्धा, महिला र बालबालिका मात्र हुँदा खेती लगाउने समयमा जनशक्ति अभाव हुने गरेको छ ।

जिल्लाको देवघाट, आँवुखैरेनी, बन्दीपुर, म्याग्दे, घिरिङ, ऋषिङ गाउँपालिका तथा भानु, व्यास, शुक्लागण्डकी र भिमाद नगरपालिकाका गाउँबस्तिामा अधिकांश उर्वर भूमि बाँझिन थालेका छन्। शहर बजार क्षेत्र आसपास रहेका खेतीयोग्य जमिन पनि बाँझिन थालेका छन्। बजार छेउछाउमै रहेका जमिन प्लटिङ र बढ्दो शहरीकरणले कंक्रिटयुक्त घर टहरा निर्माण हुँदै गएका छन् । विशेषता खेती गर्न जनशक्ति नपाउँने, भएका जनशक्तिले गर्न नसक्ने, युवाशक्ति विदेश जान थाले, जग्गा जमिन बाँझै हुन थालेका छन् । अधिकांश ग्रामीण क्षेत्रका जग्गा भएर पनि सदरमुकामदेखि खाद्यन्न सामग्री किनेर ल्याउने क्रम बढ्दै गएको छ। सुविधा खोज्दै केही सहरतिर पस्न थाले, केही विदेशिए, अब त गाउँ नै सुनसान हुन थालेको छ। अहिले भएका केही युवा पनि खेती गर्न छाडेर व्यापार, व्यवसाय गर्न तर्फ केन्द्रित हुँदै गएका छन् ।

ग्रामीण क्षेत्रका खेतीयोग्य जमिन जनशक्ति अभावकै कारण बाँझिन पुगेका छन्। गाउँमा अन्न उत्पादन हुने खेतीयोग्य जमिन बाँझिदै जान थालेपछि अन्न उत्पादन पनि घट्दै गएको छ । शिक्षित वर्ग र पुँजी भएका सहर झरेका छन् भने रोजगारका लागि विदेशिएका परिवार पनि सुविधा खोज्दै सहरमा बसाइँ सर्न थालेपछि अहिले गाउँमा बुढाबुढीको मात्रै बसोवास देखिन्छ । वर्षौंदेखि भोगचलन गर्दै आएको खेतीयोग्य जमिन बाँझिदै गएको छ । गाउँका घर जीर्ण भई भत्कन थालेका छन् । एकातिर कामदारको अभाव छ भने अर्को तर्फ खेतीयोग्य जमिनलाई प्लटिङ गर्ने क्रम उत्तकै बढेको छ । खेतीयोग्य जमिन बाँझिन थालेपछि खाद्यान्न अभाव देखिएर मूल्यवृद्धि हुन थालेको छ। स्थानीयस्तरमा उत्पादन हुने खाद्यान्न कम उत्पादन हुने भएकोले बाहिरबाट निर्यात गनुपर्ने भएकाले मूल्य वृद्धि हुने गरेको जानकारहरू बताउँछन् । खेतबारीमा वनमारा र सिरू फुलेको छ, गाउँले बजारको आयातित चालम र खाद्यान्न किनेर खाने क्रम बढ्दै गएको छ ।

हाम्रो परम्परागत खाद्यन्न लोप हुँदै गएका छन् । हरेक वर्ष खेतीयोग्य जमिन बाँझिने क्रम बढ्दै गएको छ। यस्तै, सदरमुकाम तथा मुख्य बजार क्षेत्रमा जग्गाको भाउ आकाशिएको छ । कृषि कार्यालय र स्थानीय तहले किसानलाई प्रोत्साहनका लागि खाद्यन्न, तरकारीबाली, माछा व्यवसाय, च्याउखेती लगायतमा अनुदान दिने, बीमा गर्ने, प्रविधि प्रदान गर्ने गरेका भए पनि खेतीयोग्य जमिन अझै प्रयोगमा आउन सकेका छैनन्। गाउँबाट सहर झर्ने क्रम बढेसँगै खेतीयोग्य जमिनलाई घडेरीका रूपमा बेच्न भन्दै पल्टिङ गर्न थालिएकाले जमिन बाँझो हुने क्रम उत्तिकै बढेको छ। यस तर्फ स्थानीय सरकारले विशेष कार्यक्रमहरू प्रथामिकतामा राखेर युवालाई गाउँमै रोकेर बाँझिदै गएको जमिनलाई पुन:प्रयोगमा ल्याई खाद्यन्न उत्पादनमा जोड्न ध्यान पुऱ्याउनु पर्छ । उत्पादित कृषि उपजको बजारीकरणका साथै आवश्यक विऊविजन, प्रविधि, तालिम लगायतका आवश्यकाता परिपूर्ति गरी गाउँमै रोजगारीको वातावरण सृजना गरी खेतीयोग्य जमिनलाई हरभर बनाउने अभियानमा सबै लागौं।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २९२१/०७३/७४
पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

# स्थानीय तहमा परिणाममुखी विकास किन देखिएन ? अबको बाटो के ?

नेपालको संघीय संरचनाले स्थानीय तहलाई अधिकारसम्पन्न सरकारको रूपमा स्थापित गरेको करिब एक दशक पुग्न लागिसकेको छ। संविधानले गाउँपालिका र नगरपालिकालाई स्वायत्त अधिकार दिँदै कर संकलनदेखि योजना निर्माण, बजेट विनियोजन र कार्यान्वयनसम्मको जिम्मेवारी सुम्पिएको छ । नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने निकायका रूपमा स्थानीय तहप्रति जनअपेक्षा पनि स्वाभाविक रूपमा उच्च रह्यो । तर, जनप्रतिनिधिहरूको पाँच वर्षे कार्यकाल अन्त्यतिर पुग्दै गर्दा अपेक्षित परिणाम भने धेरै ठाउँमा देखिन सकेको छैन । यही सन्दर्भमा अहिले सार्वजनिक बहसमा एउटा गम्भीर प्रश्न उठिरहेको छ– किन स्थानीय तहमा परिणाममुखी विकास हुन सकेन ?

सबैभन्दा पहिलो कारण योजना निर्माणमै देखिएको कमजोरी हो । धेरै स्थानीय तहले आफ्नो क्षेत्रको वस्तुगत यथार्थ, सम्भावना र आवश्यकताको वैज्ञानिक अध्ययन नगरी योजना छनोट गर्ने प्रवृत्ति अपनाए । दीर्घकालीन सोच र समग्र दृष्टिकोणको अभावमा योजनाहरु छरिएका र अल्पकालीन बने । कुनै वडामा कृषि, पर्यटन, उद्योग वा अन्य क्षेत्रको विशेष सम्भावना भए पनि त्यसलाई व्यवस्थित रूपमा पहिचान गरी प्राथमिकता दिन सकिएको देखिएन । परिणामस्वरूप, बजेटको सानो–सानो टुक्रा अनेक क्षेत्रमा बाँडिँदा प्रभावकारिता घट्यो र नागरिकले प्रत्यक्ष अनुभूति गर्ने उपलब्धि न्यून रह्यो।

दोस्रो, बजेट विनियोजनमा देखिएको भागबन्डा र प्रभावको राजनीति पनि परिणामहीनताको प्रमुख कारण बनेको देखिन्छ । स्थानीय तहमा विकास योजनाहरु प्राय: आवश्यकताको आधारमा भन्दा पनि राजनीतिक दबाब, पहुँच र प्रभावका आधारमा छनोट भएको देखिन्छ। यसले योजनाहरूको गुणस्तर र दीर्घकालीन उपयोगितामा असर पारेको छ । कतिपय स्थानमा समान प्रकृतिका साना योजनाहरु दोहोरिने, अधुरा रहने वा प्रयोगविहीन हुने समस्या पनि देखिएको छ ।

तेस्रो, कार्यान्वयन पक्षमा देखिएको कमजोरी झनै गम्भीर छ । योजना कार्यान्वयनका क्रममा पारदर्शिता, उत्तरदायित्व र गुणस्तरमा पर्याप्त ध्यान नदिँदा बजेट चुहावट, ढिलासुस्ती र गुणस्तरहीन कामको समस्या देखा परेको छ । अनुगमन तथा मूल्याङ्कन प्रणाली कमजोर हुँदा योजनाहरु समयमै सम्पन्न नहुने, भए पनि अपेक्षित गुणस्तर नपुग्ने अवस्था बनेको छ। कतिपय परियोजनाहरु कागजमै सीमित हुने वा अधुरै छोडिने प्रवृत्ति पनि देखिन्छ।

चौथो, जनप्रतिनिधिहरूको भूमिका र जिम्मेवारीको स्पष्ट कार्यान्वयन हुन नसक्नु पनि अर्को कारण हो । प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यहरूबीच कार्यविभाजन स्पष्ट भए पनि व्यवहारमा त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन्। कार्यपालिका सदस्यहरूलाई विषयगत जिम्मेवारी दिएर सक्रिय बनाउने अभ्यास कमजोर बन्दै गएको छ । वडा तहमा समेत तथ्याङ्क संकलन, समस्या पहिचान र स्थानीय प्रोफाइल तयार गर्ने कार्यलाई प्राथमिकता दिन सकिएको देखिँदैन । यसले नीति निर्माण र योजना छनोटलाई तथ्यमा आधारित बनाउन सकेन ।

पाँचौँ, प्रशासनिक संयन्त्र र जनप्रतिनिधिबीचको समन्वय अभाव पनि विकासको गतिमा अवरोध बनेको छ । कतिपय स्थानमा कर्मचारीतन्त्र र जनप्रतिनिधिबीच अविश्वास, द्वन्द्व वा समन्वयहीनता देखिँदा योजना कार्यान्वयन प्रभावित भएको छ। दक्ष जनशक्ति अभाव, बारम्बार कर्मचारी सरूवा र क्षमता अभिवृद्धिमा कमीले पनि कामको गुणस्तरमा असर पारेको छ ।

यसबाहेक, नागरिक सहभागिता र सामाजिक उत्तरदायित्वको कमी पनि परिणाममुखी विकास नदेखिनुको अर्को पक्षलाई नकार्न सकिदैन । योजना निर्माण र कार्यान्वयन प्रक्रियामा स्थानीय नागरिक, सरोकारवाला र समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्न सकिएको छैन। जनताको आवश्यकताभन्दा टाढा रहेर बनाइएका योजनाले अपेक्षित प्रभाव दिन नसक्नु स्वाभाविक हो ।

**अब प्रश्न उठ्छ–अबको बाटो के?**

सबैभन्दा पहिले, प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रको विस्तृत 'लोकल प्रोफाइल' तयार गर्नुपर्छ । यसमा भौगोलिक अवस्था, जनसंख्या, आर्थिक गतिविधि, प्राकृतिक स्रोत, सम्भावना र चुनौतीहरूको तथ्यगत विश्लेषण समावेश हुनुपर्छ। यस्तो अध्ययनका आधारमा मात्र प्राथमिकता निर्धारण गरी दीर्घकालीन योजना बनाउन सकिन्छ ।

दोस्रो, बजेट विनियोजनलाई पूर्ण रूपमा आवश्यकता र प्राथमिकतामा आधारित बनाउनु जरूरी छ । सीमित स्रोतलाई प्रभावकारी रूपमा प्रयोग गर्न 'कम तर गुणस्तरीय' योजनामा ध्यान दिनुपर्छ । कुनै क्षेत्र विशेषमा सम्भावना भए त्यसलाई 'पकेट क्षेत्र'का रूपमा विकास गरी स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन सकिन्छ । उदाहरणका लागि, कृषि सम्भावना भएका क्षेत्रमा आधुनिक खेती, प्रशोधन र बजार व्यवस्थापनमा लगानी केन्द्रित गर्न सकिन्छ।

तेस्रो, अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउनुपर्छ । प्रत्येक योजनाका लागि स्पष्ट सूचकांक निर्धारण गरी नियमित अनुगमन, प्रगति मूल्याङ्कन र आवश्यक सुधारको प्रक्रिया अपनाउनुपर्छ। पारदर्शिता कायम गर्न सार्वजनिक सुनुवाइ, सामाजिक अडिट र सूचना प्रवाहलाई अनिवार्य बनाउनु आवश्यक छ ।

चौथो, जनप्रतिनिधिहरूबीच स्पष्ट कार्यविभाजन र उत्तरदायित्व सुनिश्चित गर्नुपर्छ । कार्यपालिका सदस्यहरूलाई विषयगत समितिहरूको जिम्मेवारी दिई उनीहरूको कार्यसम्पादनको मूल्याङ्कन गर्ने प्रणाली विकास गर्नुपर्छ। उत्कृष्ट कार्य गर्ने समूह वा व्यक्तिलाई प्रोत्साहन र पुरस्कार दिने व्यवस्था गर्दा जिम्मेवारीबोध र प्रतिस्पर्धात्मक कार्यसंस्कृति विकास हुन्छ।

पाँचौं, प्रशासनिक क्षमता अभिवृद्धिमा विशेष ध्यान दिनुपर्छ । कर्मचारीहरूको दक्षता, स्थायित्व र जिम्मेवारी सुनिश्चित गर्दै जनप्रतिनिधि र कर्मचारीबीच समन्वय सुदृढ गर्नुपर्छ। प्रविधिको प्रयोग बढाएर सेवा प्रवाहलाई छरितो, पारदर्शी र प्रभावकारी बनाउन सकिन्छ ।

छैटौं, नागरिक सहभागिता बढाउनु अत्यन्त आवश्यक छ । योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म नागरिकको सक्रिय भूमिका सुनिश्चित गर्नुपर्छ । यसले योजनाहरूलाई यथार्थपरक बनाउनुका साथै जनउत्तरदायित्व पनि बढाउँछ ।

अन्तत:, स्थानीय तहमा परिणाममुखी विकास नदेखिनुको मूल कारण योजना निर्माणमा अध्ययनको अभाव, प्राथमिकता निर्धारणमा कमजोरी र कार्यान्वयनमा पारदर्शिता तथा उत्तरदायित्वको कमी हो। तर यो अवस्था अपरिवर्तनीय छैन । यदि स्थानीय तहहरूले अब हचुवाको भरमा निर्णय गर्ने परिपाटी अन्त्य गरी तथ्य, अध्ययन र दीर्घकालीन सोचका आधारमा काम गर्न थाले भने सीमित स्रोतसाधनका बाबजुद पनि उल्लेखनीय परिवर्तन सम्भव छ ।

स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो । त्यसैले यसको सफलता वा असफलता प्रत्यक्ष रूपमा जनजीवनसँग जोडिएको हुन्छ । अबको यात्रामा स्थानीय तहले आत्मसमीक्षा गर्दै सुधारका कदम चाल्न सके, जनताले अनुभूति गर्ने खालको विकास टाढा छैन।



नागरिक सहभागिता बढाउनु अत्यन्त आवश्यक छ । योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म नागरिकको सक्रिय भूमिका सुनिश्चित गर्नुपर्छ । यसले योजनाहरूलाई यथार्थपरक बनाउनुका साथै जनउत्तरदायित्व पनि बढाउँछ ।

- गल गुरुङ (दिपु)

## तपाईको आज

**मेष**
आफ्ना कमजोरी बाहिरिनाले समस्या पर्ला। सम्भावना देखिए पनि उपलब्धि प्राप्त गर्न समय लाग्नेछ।

**वृष**
प्रियजनसँगको सान्निध्यले दिन रमाइलो रहनेछ। अध्ययन, लेखन तथा मनोरञ्जनमा समय बित्नेछ।

**मिथुन**
पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। व्यापारलगायत आर्थिक लाभ हुने नयाँ काम प्रारम्भ हुनेछ।

**कर्कट**
रोकिएका काम बन्नाले नयाँ काम गर्न सकिनेछ। मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ।

**सिंह**
समयलाई पछ्याउन नसक्दा दु:ख पाइनेछ। भौतिक साधन बिग्रनाले पनि लक्ष्य प्राप्त गर्न नसकिएला।

**कन्या**
अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ। पेटको खराबीले स्वास्थ्य कमजोर रहला।

**तुला**
अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ। बेसुरमा बोल्ने बानीले गोपनीयता भंग हुन सक्छ।

**वृश्चिक**
प्रगतिमा ईर्ष्या गर्नेहरूले पनि अवरोध पुर्याउन सक्छन्। नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुहोला।

**धनु**
स्रोत–साधन जुट्नाले कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। मिहिनेतले दैनिकीमा परिवर्तन आउनेछ।

**मकर**
परिश्रम परे पनि कम प्रतिफल प्राप्त हुनेछ। मुस्किलले काम बने पनि उठ्नुपर्ने रकम अड्किन सक्छ।

**कुम्भ**
नियमित कामलाई निरन्तरता दिन सकिनेछ। जीवनशैली व्यस्त रहनेछ र उपलब्धिहीन काममा समय बित्न सक्छ।

**मीन**
चुनौतीपूर्ण कामको दायित्व लिनाले अलि दु:ख पाइनेछ। सम्भावना देखिए पनि न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ला।

# सरकार न्यायप्रिय बन्नुपर्छ



**सुरेशकुमार पाण्डे**

> हाम्रो देशमा राजनीतिक दलहरू सत्तामा पुगेपछि विपक्षलाई कारबाही गर्ने र आफू सत्तामा आएपछि उही गल्ती दोहोऱ्याउने प्रवृत्ति देखिन्छ। आलोपालो गर्दै भ्रष्टाचार गर्ने र अपराधीलाई जोगाउने संस्कार विकसित भएको छ। अहिले पनि प्रतिशोधमुखी र फासिस्ट प्रवृत्तिको राजनीति हावी देखिन्छ।

बालेन सरकारले सत्ता सम्हालेकै अर्को दिन पूर्वप्रधानमन्त्री केपी शर्मा ओली तथा रमेश लेखकलाई गिरफ्तार गरिएको छ। उनीहरूमाथि भदौ २३/२४ मा जेन्जी आन्दोलनका क्रममा १९ जना निर्दोष बालबालिकासहित करिब ७६ जनाको ज्यान गएको घटनामा नैतिक जिम्मेवारीको आरोप लगाइएको छ। नैतिक जिम्मेवारी त पक्कै पनि उनीहरूले लिनैपर्छ, यसमा कसैको दुईमत छैन। तर के कार्की आयोग उक्त घटनाको गहिराइसम्म पुग्न सफल भयो त?

यो गिरफ्तारी कार्की आयोगको सिफारिसका आधारमा भएको हो, जसलाई हालका गृहमन्त्री सुदन गुरूङले तुरुन्तै कार्यान्वयन गरेका छन्। दोषीलाई कारबाही हुनैपर्छ, तर वास्तविक दोषीलाई पन्छाएर राजनीतिक प्रतिशोधका आधारमा गिरफ्तारी हुनु हुँदैन। प्रधानमन्त्री र गृहमन्त्री सत्ता प्रमुख भएकाले हत्या र हिंसा नियन्त्रण गर्न नसक्नु पक्कै पनि नैतिक कमजोरी हो। त्यसका लागि उनीहरूमाथि कारबाही हुनुपर्छ।

तर जसले तोडफोड गरे, जेन्जी आन्दोलनलाई उक्साए र हिंसात्मक बनाइदिए, देशका सपूत र सम्पत्ति जलाए- उनीहरु कहाँ छन्? उनीहरु को हुन्? के कार्की आयोगको प्रतिवेदनले सत्य र तथ्यलाई ओझेलमा पारेको हो? यदि आयोगको प्रतिवेदन संकास्पद छ भने यसको विकल्प के हुन सक्छ? यस विषयमा सरकार आफैं गम्भीर हुनुपर्ने हो।

कसैलाई राजनीतिक प्रतिशोधका आधारमा धरपकड गर्दै वास्तविक अपराधीलाई जोगाउने काम त भइरहेको छैन? कतै 'दूधको साँचो बिरालो' बन्ने प्रवृत्ति त देखिएको छैन? घाउको उपचार आवश्यक हुन्छ, तर लिपापोती गरेर घाउ निको हुँदैन; बरू भविष्यमा झन् विकराल रूप लिन सक्छ।

११ चैत २०८२ मा आएको कार्की आयोगको प्रतिवेदनले भदौ २३ र २४ को घटनाको छानबिन गरेको हो। उक्त आयोगले त्यतिबेला प्रहरी कार्यालय र हतियार जोगाउन महत्वपूर्ण भूमिका खेलेका केही प्रहरी अधिकारीलाई पुरस्कृत गर्न सिफारिस गरेको छ। यो सकारात्मक पक्ष हो, उनीहरु सम्मानका पात्र हुन्।

तर जसले जेल तोडे र कैदीहरु फरार भए, जसले सरकारी हतियार खोसे- ती हतियार अझै बाहिर रहेको र धेरै कैदीहरु फरार रहेको चर्चा छ। यस्ता व्यक्तिहरूको पहिचान गरेर कारबाही गर्नुपर्ने हो। जसले प्रहरीमाथि निर्ममतापूर्वक आक्रमण र हत्या गरे, त्यस्ता अपराधीलाई कारबाही कसले र कहिले गर्ने?

जेन्जीहरुको आन्दोलन सामाजिक सञ्जाल सुचारू गर्न र देशभित्रको भ्रष्टाचारविरूद्ध शान्तिपूर्ण रूपमा सुरू भएको थियो। तर भदौ २३ को आन्दोलनलाई अतिरञ्जित बनाउन सुनियोजित षड्यन्त्र गर्नेहरु को थिए? यसबारे कार्की आयोग मौन देखिएको छ। आन्दोलन मूल नेतृत्वबाट खोसिएर कथित समूहहरूको हातमा पुग्यो। ती कथित जेन्जीहरु को थिए? उनीहरूलाई कारबाही गर्ने कि जोगाउने? के केवल सरकारमा रहेका प्रधानमन्त्री र गृहमन्त्रीलाई गिरफ्तार गरेपछि पीडित पक्षले न्याय पाउँछ? वास्तविक दोषीलाई लुकाएर सम्पूर्ण दोष उनीहरूमाथि मात्र थोपर्नु उचित हुन्छ? यसबारे सरकार गम्भीर हुनुपर्छ। प्रतिशोधले न्याय दिन सक्दैन; पीडितलाई न्याय चाहिन्छ। जनतामाझ 'दूधको दूध, पानीको पानी' हुनुपर्छ।

वास्तवमा, सुरक्षा दिन नसक्नु उनीहरूको नैतिक जिम्मेवारी हो। त्यस आधारमा कानुनअनुसार सजाय हुन सक्छ। तर उनीहरूलाई मात्र सजाय दिएर न्याय पूर्ण हुँदैन। वास्तविक अपराधीको पहिचान गरी कानुनी कठघरामा उभ्याउनैपर्छ। अन्यथा यसको परिणाम नकारात्मक हुन सक्छ। कुनै पनि घटनाको गहिराइसम्म पुग्न जरूरी हुन्छ।

त्यसैले भदौ २३/२४, २०८२ को घटनाबारे पुनः उच्चस्तरीय छानबिन आयोग गठन गरी अनुसन्धान गरिनुपर्छ। यसले 'दूधको दूध, पानीको पानी' गर्दै वास्तविक दोषीलाई कानुनी दायरामा ल्याउन मद्दत गर्नेछ। अहिलेको कार्की आयोगको प्रतिवेदनबारे देशव्यापी रूपमा प्रश्न उठिरहेको छ। निष्पक्षता नभएको भन्दै चौतर्फी आवाज उठिरहेको छ।

२३ गतेको घटनामा सरकार प्रमुख जिम्मेवार हुन सक्छन्, विशेषगरी नेतृत्वको कठोरता र हठका कारण परिस्थिति बिग्रिएको हुन सक्छ। तर २४ गते भएको तोडफोड, लुटपाट र आगजनीका दोषीहरूलाई पनि उन्मुक्ति दिनु हुँदैन। उनीहरूलाई पनि न्यायको कठघरामा उभ्याउन सक्नुपर्छ ।

बालेन सरकारले यस घटनाको निष्पक्ष छानबिन गराई सम्पूर्ण दोषीलाई कारबाही गर्ने साहस देखाउनुपर्छ। जोसुकै दोषी भए पनि कानुनअनुसार कारबाही हुनुपर्छ । यदि राजनीतिक प्रतिशोधको अभ्यास सुरू भयो भने विकासको सट्टा विनाश निम्तिन सक्छ। न्याय भनेको आफ्नै पक्षका दोषीलाई पनि कारबाही गर्ने साहस हो ।

सरकारले विधिसम्मत रूपमा उच्चस्तरीय आयोग गठन गर्नुपर्छ, ताकि सबैले न्यायको अनुभूति गर्न सकून्। हतारमा लिइएका निर्णयले देशलाई पुनः अस्थिरतातर्फ धकेल्न सक्छ । हाम्रो देशमा राजनीतिक दलहरु सत्तामा पुगेपछि विपक्षलाई कारबाही गर्ने र आफू सत्तामा आएपछि उही गल्ती दोहोऱ्याउने प्रवृत्ति देखिन्छ। आलोपालो गर्दै भ्रष्टाचार गर्ने र अपराधीलाई जोगाउने संस्कार विकसित भएको छ। अहिले पनि प्रतिशोधमुखी र फासिस्ट प्रवृत्तिको राजनीति हावी देखिन्छ। यस्तो व्यवहारले न्याय दिन सक्दैन। नियम र कानुनलाई बेवास्ता गरेर गरिएका निर्णय देश र जनताको हितमा हुँदैनन्। फिल्मी शैलीका कारबाहीहरूले झन् जोखिम बढाउँछन्।

केही निर्वाचित प्रतिनिधिहरूको अपरिपक्व विचार र व्यवहारले पनि सरकार कमजोर बन्न सक्छ। उनीहरूलाई अनुशासनमा राख्न आवश्यक छ। सरकार विकास र भ्रष्टाचार नियन्त्रणमा केन्द्रित हुनुपर्छ। देशको हितमा आवाज उठाउन नसक्ने सांसद र मन्त्रीहरु राष्ट्रका लागि अभिशाप समान हुन्। देशको स्वाभिमानमा आँच आउने अभिव्यक्ति दिनु उचित होइन। कुनै पनि आरोपमा गिरफ्तारी भएपछि सडक आन्दोलन गर्नु न्यायप्रणालीप्रतिको अविश्वास हो। समाधान अदालत र संसदीय प्रक्रियाबाट खोज्नुपर्छ। सडकबाट दबाब सिर्जना गरेर न्यायलाई प्रभावित पार्नु गलत अभ्यास हो।

यदि हरेक पार्टीले आफ्ना नेताका लागि सडकमा उत्रिने हो भने कानुन जीवित रहँदैन। अपराध र भ्रष्टाचार नियन्त्रण हुन सक्दैन। त्यसैले न्यायप्रणालीलाई स्वतन्त्र रूपमा काम गर्न दिनुपर्छ। सरकारका गल्तीहरु पनि सच्याउँदै जानुपर्छ।

हतारमा गरिएका कतिपय निर्णय- जस्तै दश वर्षसम्म बैंकमा राखिएको रकममाथि कुनै कारबाही नगर्ने जस्ता कुरा—अपरिपक्व राजनीतिक सोचका उदाहरण हुन्। यस्ता कमजोर निर्णयहरूले सरकारलाई जनताको नजरमा अविश्वसनीय बनाउँछन् ।


## काठ उपलब्ध गराउने बारे सूचना

यस समूहको आ.व. २०८२/०८३ मा स्वीकृत कार्ययोजना अनुसार संकलन भै उत्पादित काठ बिक्री गर्नुपर्ने भएकोले काठको संकलन खर्च र राजश्व दररेटमा नघट्ने गरी समूहले तोकेको मूल्यमा घरकाजको लागि काठ खारिद गर्न ईच्छुक छिमेकी उपभोक्ताहरूले सम्बन्धित वडा सिफारिश, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी समेतका कागजातहरू संलग्न राखी १५ (पन्ध्र) दिनभित्र यस समूहमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएको निवेदनको सुनुवाई हुनेछैन।

समूहको नाम

**स्याकुन्थोक सामुदायिक वन उपभोक्ता समूह**

व्यास नगरपालिका–९, तनहुँ

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**चैत्र २१ गते शनिबार**

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा


## म्याग्दे गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग, तनहुँ । गण्डकी प्रदेश, नेपाल

## गरिब घरपरिवार पहिचान गर्न परिवारको तथ्याङ्क संकलन गर्ने कार्यको लागि गणकहरू आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१२/१७ गते)**

यस गाउँपालिका भित्र रहेका गरिब परिवार पहिचान गरी राज्यसुविधा परिचयपत्र उपलब्ध गराउन भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट विकसित गरिएको गरिब घरपरिवार व्यवस्थापन सुचना प्रणाली (Poor Household Management Information System-PHMIS) मा तथ्याङ्क संकलन गर्ने कार्यको लागि तपशिल बमोजिम गणकहरू पदपुर्ती गर्नुपर्ने भएकोले, योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिन (चैत्र २३ गते भित्र) यस कार्यालयमा कार्यालय समय भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

**तपशिल :**

| क्र.सं. | विज्ञापन नं | पद | माग संख्या | योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | ५/२०८२-०८३ | गणक | ९ जना | • मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १०+२ वा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरेको<br>• कम्प्युटर सफ्टवेर चलाउन जान्ने<br>• १८ वर्ष उमेर पुरा भई ४० वर्ष नकटेको<br>• म्याग्दे गाउँपालिकाको स्थायी बासिन्दा रहेको<br>• एन्ड्रोइड मोवाइल (एन्ड्रोइड भर्सन १० वा सो भन्दा माथि) अनिवार्य भएको र सो मोवाइल चलाउन जान्ने | रु. ५००/- |

**आवश्यक कागजातहरू**

निवेदन सहित दरखास्त फारम, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक प्रमाणपत्रको प्रतिलिपी, पासपोर्ट साइजको फोटो (२ प्रति), अनुभव भए अनुभव पत्रको प्रतिलिपी, रू. ५००/– (पाँच सय रूपैयाँ) को दरखास्त दस्तुर तिरेको रसिद ।

**परिक्षाको किसिम :** प्रारम्भिक सूची प्रकाशन, अन्तर्वार्ता

**नोट :** यस अघि तथ्यांक संकलन सम्बन्धी कार्यमा संलग्न भएको व्यक्तिलाई प्राथमिकता दिइनेछ, साथै सेवा सुविधा गरिब परिवार पहिचान गर्न परिवारको तथ्याङ्क संकलन सम्बन्धी मार्गदर्शन बमोजिम हुनेछ ।

**थप जानकारीका लागि**

भास्कर रेग्मी, सहायक कम्प्युटर अधिकृत (छैटौं)

सम्पर्क नं. : ९८४६०११७९४

**प्रमुख प्रशासकीय अधिकृत**


## डिभिजन वन कार्यालय तनहुँको अनुरोध

- वन र वन्यजन्तुहरू हाम्रा अमूल्य सम्पत्ती हुन, यिनीहरूको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको कर्तव्य हो ।
- वन्यजन्तुको चोरी शिकारी, वन पैदावारको चोरीकटानी र ओसारपसार, वन क्षेत्रमा अतिक्रमण जस्ता कार्यहरू गर्नु गराउनु हुँदैन । यस्ता कार्यहरू गरे गराएमा वन ऐन, २०७६ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार वन सम्बन्धी कसुर/अपराध गरेको मानिन्छ। वन तथा वन्यजन्तु सम्बन्धी कसुर/अपराधहरू फौजदारी अभियोग हो ।

तसर्थ,

- कुनै पनि वन्यजन्तु मार्ने, शिकार गर्ने, वन्यजन्तुको अङ्ग ओसारपसार गर्ने, बिना इजाजत काठ, दाउरा, जडीबुटी लगायतका अन्य वन पैदावारहरू समेतको संकलन र ओसार पसार गर्ने तथा वन क्षेत्रको जग्गा अतिक्रमण गर्ने जस्ता कार्यहरू नगरौ नगराऔं ।
- वन तथा वन्यजन्तुको संरक्षणमा सहभागी बनी असल नागरिकको भूमिका निर्वाह गरौं
- वन सम्बन्धी अपराध हुन लागेको, भईरहेको थाह पाएमा/देखेमा नजिकको डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालयहरू तथा प्रहरी कार्यालयहरूमा खबर गरौ ।

**नेपाल वन पैदावर उद्योग व्यवसायी संघ, तनहुँ**

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**खड्गमाई मन्दिर :** पर्यटकीय नगरी तनहुँको बन्दीपुरमा रहेको ऐतिहासिक महत्व र धार्मिक आस्था बोकेको खड्गमाई मन्दिर । गाउँपालिकाले मन्दिरको सौन्दर्यकरणका लागि प्राङ्गणमा ढुंगा बिच्छाएर आकर्षक बनाएको छ छ । *तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# संविधान संशोधन 'बहसपत्र' .............

'यो कुनै हलुका र दम्भका भरमा गर्ने कुरा होइन ।'

उनले सरकारले नबुझेर हो वा कन्ट्रोलभन्दा बाहिर जान्छ भनेर प्रधानमन्त्रीका सल्लाहकारको अध्यक्षतामा कार्यदल गठन गरेर गम्भीर रूपमा नलिएको महसुस भएको बताइन् ।

नेकपा एमालेका नेता प्रदीप ज्ञवाली संविधान संशोधनको विषयमा सरकार र सत्तारूढ दलले अत्यन्त हलुका ढंगले बुझेको आफूले पाएको बताउँछन् ।

'संविधान संशोधनजस्तो विषयलाई सत्तारूढ दल वा सरकारले अति सामान्य विषय ठानेजस्तो बुझिन्छ', पूर्वमन्त्री समेत रहेका नेता ज्ञवालीले भने, 'यसरी बनाइने कार्यदलमा कुन–कुन दल बस्छन् या बस्दैछन् भनेर पूर्वपरामर्श जरूरी थियो । त्यो गरेको देखिएन ।' उनले यति संवेदनशील विषयमा कुन तहको व्यक्तिले नेतृत्व वा अगुवाई गर्ने भन्ने पनि महत्त्वपूर्ण हुने बताए ।

'पूर्वसंविधान निर्माता वा विषयविज्ञहरूले नेतृत्व गरेको भए यसको गरिमा कायम रहन्थ्यो, त्यो काम भएको देखिएन', ज्ञवालीले रातोपाटीसँग भने, 'बरू यसलाई सरकारले अत्यन्तै हुलुका ढंगले उठान गरेको देखियो ।' नेता ज्ञवालीले यसबारे औपचारिक जानकारी नआएको भन्दै आएपछि पार्टीले औपचारिक र संस्थागत निर्णय गर्ने बताए । पूर्वमहान्यायाधिवक्ता रमणकुमार श्रेष्ठले रास्वपा नेतृत्वको सरकारले संविधान संशोधन प्रक्रिया अघि बढाउनुलाई सकारात्मक लिन सकिए पनि व्यक्ति छनोट उपयुक्त नभएको बताए ।

'प्रक्रिया अघि बढाउन खोज्नु ठिक हो, तर त्यो कार्यदलले कति काम गर्छ भन्ने मुख्य प्रश्न हो', श्रेष्ठले भने, 'जसलाई नेतृत्व दिइएको छ, उक्त कार्यदलमा पुराना दलहरु मानेनन् भने संशोधन हुने कुरा भएन ।' श्रेष्ठले विषय विज्ञ मानिसको नेतृत्वमा कार्यदल बनेको भए सर्वस्वीकार्य र सरकार 'सिरियस' रहेको बुझ्न सकिने बताए।

कानुनका जानकारसमेत रहेका पूर्वकानुनमन्त्री नीलाम्बर आचार्य संविधान संशोधनका लागि बहसपत्र तयार गर्न बनेको कार्यदल विषयको कार्य गम्भीरताअनुरूप स्तरको नभएको प्रतिक्रिया दिए ।

'संविधान संशोधनका लागि सरकारले जे जस्तो निर्णय गऱ्यो, त्यो विषयको कार्य गम्भीरता र सबै पक्षहरुको विचारलाई समेट्नुपर्ने आवश्यकता अनुरूप त्यो स्तरको कार्यदल भएन', आचार्यको भनाइ छ ।

राष्ट्रिय सभाका पूर्वसदस्य तथा कानुनका जानकार राधेश्याम अधिकारीले संविधान संशोधन नै गर्ने हो भने सबैलाई अनुकूल हुनेगरी 'एडभाइजरी कमिटी' बनाउनुपर्ने बताए ।

त्यो कमिटीलाई अहिलेको संविधानमा यो–यो विषय फेरबदल गर्नुपर्छ भनेर जिम्मेवारी दिने, त्यसले ल्याएको प्रस्तावमा प्रक्रियामा गएर पास भएका विषयलाई संविधानमा समेट्ने, पास नभएका विषय पुरानै रहनेगरी काम गर्न सकिने उनको भनाइ छ ।

**भविष्यका लागि खतरा हुने चिन्ता बढ्यो : भीमार्जुन आचार्य संविधानविद्**

संविधानको मूल्य र मान्यताकै मजाक हो यो । यस निर्णयले वर्तमान सरकार, संवैधानिक व्यवस्था, संवैधानिक नैतिकता र संवैधानिक मूल्य–मान्यताप्रति संवेदनशील र गम्भीर छैन भन्ने देखाउँछ । संविधान सुधारको वा संविधानसँग जोडिएको यति जटिल र गम्भीर विषयलाई विषयान्तर गर्न खोजेको देखिन्छ । समष्टिमा यो शैलीले केवल यो संविधानमा मात्र होइन कि यसले भविष्यका लागि पनि गम्भीर खतरा हुने चिन्ताका रूपमा देखाउँछ ।

**संविधान संशोधन हलुका विषय होइनः अन्जिता खनाल**

म कानुनको पनि विद्यार्थी भएको नाताले संविधान संशोधनको विषय अत्यन्त गम्भीर र संवेदनशील बिषय हो भनेर बुझ्छु । त्यसैले संविधान संशोधनजस्तो विषय अघि बढाउन संसदभित्रकै कुनै कानुनका जानकार व्यक्तिको नेतृत्वमा कार्यदल बनाएको भए अझ राम्रो हुन्थ्यो भन्ने मेरो बुझाई हो । तर उहाँहरूले राजनीतिक रूपमा प्रधानमन्त्रीको सल्लाहकार भएपछि उहाँकै नेतृत्वभन्दा बाहिर जाँदैन र छलफल गर्न पनि सजिलो हुन्छ भनेर सोच्नुभएजस्तो लाग्छ। तर पनि यति धेरै कानुनका विज्ञहरु संसदमा हुनुहुन्छ, तीमध्ये कसैको नेतृत्वमा बनाइदिएको भए अथवा बाहिरबाट ल्याएको भए पनि विज्ञको नेतृत्वमा भएको भए व्यावहारिक, सहज र राम्रो हुन सक्थ्यो ।

अहिले जसको नेतृत्वमा बहसपत्र तयार गर्ने भनिएको छ, उहाँ त संविधान वा कानुनको विज्ञ पनि होइन, केवल प्रधानमन्त्रीको सल्लाहकार मात्र हो । यो कुनै हलुका विषय हुँदै होइन । योभन्दा अघिको एमाले–कांग्रेसको झन्डै दुई तिहाइको सरकारले पनि संविधान संशोधन गर्ने भनेको थियो तर उसले गरेन जनताको भावना र देशको आवश्यकता अनुसार संविधान संशोधन गर्ने हो । यो कुनै दम्भका भरमा गर्ने कुरा होइन । नबुझेर हो वा कन्ट्रोलभन्दा बाहिर जान्छ भनेर वा गम्भीर रूपमा नलिएको जस्तो बुझिन्छ ।

**पुराना दल नमाने समस्या हुन्छ : रमणकुमार श्रेष्ठ**

संविधान १० वर्षमा रिभ्यु गर्ने भन्ने नै छ । विगतमा एमाले–कांग्रेसले सरकार बनाउने बेलामा पनि त्यो विषयमा सहमति भएको हो । माओवादीले पनि त्यसबारेमा बोल्दै आएको छ । अब अहिले रास्वपा नेतृत्वको सरकारले प्रक्रिया अघि बढाउनु स्वाभाविक हो, तर गठित कार्यदलले कति काम गर्छ भन्ने प्रश्न हो । जसलाई नेतृत्व दिइएको छ, त्यस कार्यदलमा पुराना दलहरु बस्न मानेनन् भने हुने कुरा भएन ।

विषय विज्ञ मानिसको नेतृत्वमा भएको भए सर्वस्वीकार्य र सिरियस पनि देखिन्थ्यो । अरू कामको थालनी हेर्दा सरकारले धेरै राम्रा काम गर्न खोजेको हो कि भनेर बुझ्न सकिन्छ तर संविधान संशोधनजस्तो विषयमा पुग्नुपर्ने जति ध्यान नपुगेको देखिन्छ ।

**'एडभाइजरी कमिटी' बनाउनुपर्छ :राधेश्याम अधिकारी**

यो कार्यदलले समस्याको समाधान गर्छ भन्न अप्ठ्यारो लागिरहेको छ । यसअघि कांग्रेस–एमाले नेतृत्वको सरकारले पनि संविधान संशोधन गर्छौं भनेका हुन् । त्यो बेलामा मैले सरकारले बनाएको कार्यदलले अरू पार्टीलाई असहज हुन्छ भनेको थिएँ । सरकारले आˆना दृष्टिकोण राखेर त्यही दृष्टिकोणमा अरूलाई ल्याउने भन्ने हुँदैन । बरू संशोधन नै गर्ने हो भने सबैलाई अनुकूल हुनेगरी 'एडभाइजरी कमिटी' बनाउनुपर्छ भन्ने मेरो धारणा त्यो बेला पनि राखेको थिएँ, अहिले पनि त्यही राख्छु ।

त्यो कमिटीलाई अहिलेको संविधानमा यो–यो विषय फेरबदल गर्नुपर्छ भनेर भन्ने र त्यसले ल्याएको प्रस्तावमा प्रक्रियामा गएर पास भएका विषय संविधानमा समेट्ने, पास नभएका विषय पुरानै रहनेगरी काम गर्न सकिन्छ । तर पहिल्यै सरकारले फलानोको अध्यक्षतामा कार्यदल बन्छ र त्यसमा अरू पार्टी जानुपर्छ भन्दा असहज हुन्छ । रातोपाटीबाट

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५–५६३९०७ मा सम्पर्क गर्नुहोला ।

## facebook twitter

**Tara Nath Dahal**
x.com/tndahal7



सरकारले ऐन खारेज गर्न सक्छ र ? यतिवटा ऐन खारेज, अब यसो–त्यस्यो हुने भन्दै समाचार लेखिरहेछन पत्रकाहरू ।
ऐन त ऐनल नै खारेज गर्नसक्छ। ऐन संसदले मात्रै पास गर्नसक्छ।
सरकारले खारेजको प्रकृया अगाडि बढाउन सक्छ तर यसको बिधायकी प्रकृया लामै हुन्छ।
अति सेन्सेटाइजेशनले छिटो निराशा ल्याउँछ।

**रामशे**
x.com/RaameshKoirala



हकिकतमै टिचिङ वा वीरमा स्वास्थ्य परिक्षण गरेकै भरमा ५ सय कामदार कतार गएका दिन फेरि गज्जब भन्ने वाचा बाँकी छ, तर पहुँचका डाक्टरको काज फिर्ति चैं अहिले नै गज्जब हो। नयाँ छन्, स–साना बचकाना काम त गर्दैछन् तर यिनीहरु ओली, देउवा र प्रचण्ड जस्ता नियत नै खराब भएका देखिन्नन्। शुभकामना

**स्वारी**
x.com/ptkums



हर्क साम्पाङले प्रमको बैठकमा नगएर योजनाहरू गुमाए टाइपको जुन चर्चा बजारमा छ, त्यसमा म कुनै तुक देख्दिन ! बरू संसद भन्दा पनि प्रमको सुप्रिमेसी ठूलो देखाउन खोजिरहेको वर्तमान सरकारलाई उनको रवैयाले पक्कै पनि गतिलो पाठ सिकाएको हुनुपर्छ ! जहाँसम्म आफ्नो क्षेत्र केन्द्रित समस्याको कुरा छ, त्यो हर्कले संसदमा राख्छन् ! र यदि सरकारले हर्कलाई प्रमको मिटिङमा नगएकै आधारमा पूर्वाग्रह राखेर उनका योजनाहरूलाई रद्दीको टोकरीमा फाल्ने दुस्साहस गर्छ भने हामी उनको साथमा छौं ! प्रमले सांसदहरूसँग कुराकानी नै गर्न खोजेको हो भने कम्तिमा संसदको पहिलो बैठक बसेपछि त्यो मिटिङ राख्नु पर्थ्यो जस्तो मलाई पनि लाग्छ ! र हर्कले जे गरे, त्यो एकदमै ठिक गरे भन्ने एकल ठहर हो ! यद्यपी म हर्कको फ्यान भने होइन; जने!

# ट्याक्टर दुर्घटनामा बालकको मृत्यु

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको देवघाट गाउँपालिका–४ काफलडाँडामा ट्याक्टर दुर्घटनामा परी बालकको मृत्यु भएको छ । देवघाट गाउँपालिका–१ कोटाका शिवबहादुर गुरूङको मृत्यु भएको प्रहरीले जनाएको छ।

काफलडाँडास्थित भित्री सडक खण्डमा नारायणघाटबाट सिङ्तानतर्फ जाँदै गरेको ग१त १५२३ नम्बरको ट्याक्टर दुर्घटना हुँदा बालकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिए ।

उनका अनुसार दुर्घटनामा परी देवघाट–१ कोटाका ३० वर्षीय ट्याक्टर चालक विष्णु माझी घाइते हुनुभएको छ । उहाँले भन्नुभयो, "चालक माझीको मुख, नाक र छातीमा चोट लागेको छ, भने अवस्था मध्यम रहेको छ । चालकले नियन्त्रण गुमाउँदा सडकबाट ट्याक्टर करिब १५ मिटर तल खसेर दुर्घटना भएको हो ।"

# योग तथा तनाव व्यवस्थापन शिविर

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको दमौलीमा कर्मचारी मिलन केन्द्र र आधिकारिक ट्रेड युनियन तनहुँको आयोजना र पतञ्जली योग समिति तनहुँको प्राविधिक सहयोगमा राष्ट्रसेवक कर्मचारीहरूलाई लक्षित गर्दै निःशुल्क योग तथा तनाव व्यवस्थापन शिविर सुरू भएको छ। तनहुँ उद्योग वाणिज्य संघको सभाहलमा मंगलबारदेखि शिविर सञ्चालन गरिएको छ।



तनहुँ जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद उपाध्यायले योगले मानसिक शान्ति र कार्यक्षमता वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने बताउँदै राष्ट्रसेवक कर्मचारीहरूले यस्तो अभ्यासलाई दैनिक जीवनमा अपनाउनुपर्नेमा जोड दिए । उनले तनाव व्यवस्थापनमार्फत सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन सकिने धारणा राखे।

प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले कर्मचारीहरूको मानसिक तथा शारीरिक स्वास्थ्य सुदृढ भएमा सार्वजनिक सेवा प्रवाहमा सकारात्मक प्रभाव पर्ने उल्लेख गर्दै यस्ता कार्यक्रमको निरन्तरता आवश्यक रहेको बताए ।

कर्मचारी मिलन केन्द्रका अध्यक्ष मनोज रानाभाटले कर्मचारीहरूको व्यस्त कार्यतालिकाबीच स्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्ने उद्देश्यले शिविर आयोजना गरिएको जानकारी दिए। शिविरमा एक सय भन्दा बढी राष्ट्रसेवक कर्मचारीहरूको सहभागिता रहेको आयोजकले जनाएको छ।

शिविर अवधिभर प्रत्येक दिन देवयज्ञ (हवन)सहित योग अभ्यास गरिनेछ भने सहभागीहरूका लागि जडीबुटीजन्य चियाको व्यवस्था समेत गरिएको आयोजकले जानकारी दिएको छ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास–२, दमौली, तनहुँ । फोनः ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४